जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी श्री एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.फौ.नं.२३५/१३७७

दर्ता मिति :– **२०७०/०७/२०**

मुद्दा :– केही सार्वजनिक अपराध

निर्णय नं.१५४०, मिति :– **२०७१/१०/१५**

**वादी**

सुजाता कंडेलको जाहेरीले
नेपाल सरकार..........................१
निजको प्रमाण...........................
साक्षी........................................
कागज....................................

**प्रतिवादी**

कृष्ण पराजुलीको छोरा, जिल्ला गुल्मी, अर्जे गा.वि.स.,वडा नं.७ घर भई का.जि.किर्तीपुर न.पा.-२ बस्ने वर्ष ३० को कुलचन्द्र पराजुली......................................................................१
निजको प्रमाण
साक्षी ........................................................................
कागज ........................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................
साक्षी..........................................
कागज ----------------------------

**केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. यस महाशाखा तथा मातहत समेतबाट नियमित सवारी साधन चेकजाँच गर्ने क्रममा सवारी दर्ता किताब साथमा नराखी सवारी चलाएको कसूरमा स.चा.अ.प.नं.०६-४२३८०६ नम्वरको सवारी चालक अनुमति पत्र ट्राफिक प्रहरीले खिचेको अवस्थामा सोही नामको अर्को स.चा.अ.प.वनाई मोवाइल फोन प्रयोग गरी सवारी चलाएको अवस्थामा ट्राफिक प्रहरीले मिति २०७१।३।११ गते फेला पारी सो विषयमा सोधपुछ गर्दा उल्टै प्रहरी कर्मचारीहरुसँग वाद विवाद गरी दुर्व्यवहार गरी विचलित वनाएको हुदा मिति २०७१।३।११ गते पक्राउ गरी आवश्यक कारवाहीको लागि पठाएको भन्ने समेत व्यहोराको महानगरीय ट्राफिक प्रहरी महाशाखाको पत्र ।

२. मेरो पुरानो सवारी चालक अनुमती-पत्र घर छिमेकको दाइलाई दिएको थिए, मैले स.चा.अ.प.दिएको पर्सीपल्ट दाइको सवारी दुर्घटनामा परी मृत्यु भएकोले मैले उक्त स.चा.अ.प.नपाएकोले मैले मिति २०७० साल मंसिर महिनातिर म यातायात व्यवस्था कार्यालय,एकान्तकुनामा गई प्रतिलिपि निकालेको थिए । मिति २०७१।३।११ गते म आफ्नो घरबाट कलेज जाने क्रममा का.जि.का.म.न.पा.वडा नं.१४ कलकी चोकमा मोवाइलमा फोन गर्दै सवारी चलाएको अवस्थामा ट्राफिक प्रहरीले फेला पारी मेरो स.चा.अ.प. महनगरीय ट्राफिक प्रहरी

महाशाखामा खिचेको थियो । म आफ्नो स.चा.अ.प.लिनको लागि महनगरीय ट्राफिक प्रहरी महाशाखामा गएको समयमा डिउटीमा खटिएका प्रहरीले किन दोहोरो स.चा.अ.प.वनाई हिडेको भन्ने विषयमा सेधपुछ गर्दा म आवेशमा आई प्रहरीहरुसँग सामान्य वादविवाद गरेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी सौजन सुवेदीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।

३. मिसिल संलग्न कागजातहरु समेतका आधार प्रमाणहरु र प्रतिवादी सौजन सुवेदीले मिति २०७१।३।११ गते म आफ्नो घरबाट कलेज जाने क्रममा का.जि.का.म.न.पा.वडा नं.१४ कलकी चोकमा मोवाइलमा फोन गर्दै सवारी चलाएको अवस्थामा ट्राफिक प्रहरीले फेला पारी मेरो स.चा.अ.प. महनगरीय ट्राफिक प्रहरी महाशाखामा खिचेको थियो । म आफ्नो स.चा.अ.प.लिनको लागि महनगरीय ट्राफिक प्रहरी महाशाखामा गएको समयमा डिउटीमा खटिएका प्रहरीले किन दोहोरो स.चा.अ.प.वनाई हिडेको भन्ने विषयमा सेधपुछ गर्दा म आवेशमा आई प्रहरीहरुसँग सामान्य वादविवाद गरेको हुँ भन्ने समेत व्यहोराको अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान समेतबाट निज प्रतिवादी सौजन सुवेदीको उक्त कार्य केही सार्वजनिक (अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को खण्ड (क)र (ज) विपरितको कसूर अपराध भएकोले निज प्रतिवादी सौजन सुवेदीलाई उक्त कसूरमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुन मागदावी लिई पेश भएको अभियोग-पत्र ।

४. मिति २०७१।३।११ गते का.जि.रामशाहपथ अगाडि प्रहरी प्रतिवेदक समेतका प्रहरी टोलीले स.चा.अ.किताव चेकजाँच गर्ने क्रममा सामान्य वादविवाद भएको हो, अन्य केही भएको गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी सौजन सुवेदीले यस कार्यालयमा गरेको वयान ।

५. अभियोग इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी सौजन सुवेदीले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं.को ११८ को देहाय ५ नं. अनुसार रु १,०००।- नगद वा जेथा जमानत राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७१/३/१३ को यस कार्यालयको आदेश ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी सौजन सुवेदीले सवारी दर्ता किताव साथमा नराखी सवारी चलाएको कसूरमा स.चा.अ.प.नं.०६-४२३८०६ नं.को स.चा.अ.प.ट्राफिक प्रहरीले खिचेको अवस्थामा सोही नामको अर्को सवारी चालक अनुमती पत्र वनाई मोवाइल फोनमा कुरा गरी सवारी चलाईरहेको अवस्थामा मिति २०७१।३।११ गते काठमाण्डौंको कलंकीमा प्रहरीले फेला पारी सोधपुछ गर्दा प्रहरीसँग वादविवाद गरी के.सा.अ.ऐन,२०२७ को दफा २ को खण्ड (क) र (ज) विपरितको कसूर अपराध गरेको हुदा निज प्रतिवादीलाई सोही ऐनको दफा ६(१) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग मागदावी रहेछ ।

यसमा प्रतिवादीले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन् भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने भएको छ ।

अव निर्णय तर्फ विचार गर्दा प्रतिवादी सौजन सुबेदीले दोहोरो सवारी चालक अनुमती पत्र वनाएको, सवारी चलाउदा मोबाइल फोनमा कुराकानी गरेको र प्रहरीले चेक जाँच गर्दा विवाद, दुर्व्यवहार गरी बिचलित बनाएको भन्ने अभियोग दावी देखियो । सवारी चलाउदा मोबाइल फोनमा कुराकानी गरेको वा दोहोरो सवारी

चालक अनुमती पत्र लिएको भन्ने विषयको हकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम कारवाही गर्नु पर्ने छुट्टै कानुनी व्यवस्था रहेको र वरामद भई आएको सवारी चालक अनुमती पत्र आवश्यक कारवाहीका लागि महानगरीय ट्राफिक प्रहरी महाशाखामा पठाइ सकिएकाले यस कार्यालयलाई क्षेत्राधिकार नभएको बिषयमा केही बोली रहन परेन । जहाँसम्म अभियोगदावी लिइएको केही सार्वजनिक (अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को खण्ड (क) र (ज) विपरितको कसुर अपराध गरेको भन्ने दावी छ सो सम्बन्धमा बिचार गर्दा दफा २ को खण्ड (क) मा *कुटपीट वा हुल हुज्जत गरी वा अरु कुनै किसिमबाट कुनै राष्ट्रसेवकलाई आफ्नो ओहदाको कर्तव्य पालन गर्नमा वाधा पुर्‍याउने* कार्य गरेको र ऐ. (ज) मा *सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने* कार्य गरेको अवस्थामा मात्र उल्लेखित दफा २ को खण्ड (क) र (ज) क्रमशः आकर्षित हुने देखिन्छ । प्रतिवादीले प्रहरी चेकजाँचको क्रममा सोधपुछ हुदा सामान्य वादविवाद गरेको भनी अनुसन्धानका क्रममा र यस कार्यालय समक्षको वयानमा खुलाएको देखिन्छ । राष्ट्रसेवकसँग सामान्य विवाद हुनु र कर्तव्य पालनामा अवरोध पुर्‍याउनु अलग अलग विषय हुन् । राष्ट्रसेवकसँग सामान्य विवाद गर्न पाउनु नागरिकको अधिकार पनि हो । फेरी यी १९ वर्षका अपरिपक्व उमेरका विद्यार्थीले सामान्य गल्ती कमजोरी गर्नुलाई अपराधको दर्जा दिनु न्यायोचित र व्यावहारिक पनि देखिएन । विवादका कारण राष्ट्रसेवकलाई कर्तव्य पालनामा अवरोध पुऱ्याएको वा सार्वजनिक स्थानमा जथाभावी व्यवहार गरेको भन्ने तथ्य स्वतन्त्र प्रमाणहरुबाट स्थापित हुन सकेन । प्रतिवादीले के.सा.अ.ऐन,२०२७ को दफा २ को खण्ड (क) र (ज) विपरितको कसूर गरेको भन्ने अभियोग दावी पुग्न सक्दैन । प्रतिवादी सौजन सुबेदीले अभियोग मागदावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी सौजन सुवेदीले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले निजहरुले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७१।३।१३ मा यस कार्यालयमा राखेको धरौट रकम रु. १०००/- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु.....................................................१
प्रस्तुत फैसलामा चित्त नबुझे सो को ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी र म्याद दिनु .......२
सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.३
प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ................................................................४

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

...................................

(एकनारायण अर्याल)

प्रमुख जिल्ला अधिकारी

इति सम्वत २०७१ साल पौष २१ गते रोज ३ सूभम्......................